# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ७ गते, २०७९ साल (संख्या ११

# भाग २

## स्थानीय सरकार

## ईन्द्रावती गाउँपालिका

**नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

## ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

**ईन्द्रावती गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# वालकोष सञ्चालन कार्यविधि, २०७९

# वाल कोष सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट निर्माणका लागि लोकतान्त्रीक गणतन्त्र र संघिय संरचनाको व्यवहारिक कार्यान्वयनको मर्मलाई आत्मसाथ गर्दै संविधानको मौलिक हक अन्तर्गत उल्लेखित वाल अधिकारका व्यवस्थाहरु तथा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्वमा उल्लेखित वालवालिकाको सर्वोत्तम हितलाई कार्यान्वयन ल्याउन वालवालिका सम्वन्धी ऐन २०७५ को व्यवहारीक कार्यान्वयनका लागि संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकार तथा अनुसूची ९ मा उल्लेखित साझा अधिकारको सूचीका आधारमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २१ ले दिएको अधिकार अधिकार प्रयोग गरी ईन्द्रावती गाउँपालिकाको मिति २०७९।०९।०७ गते वसेको गाउँ कार्यपालिकाको वैठकवाट यो वाल कोष संचालन कार्यविधि पारित गरेको छ ।

## परिच्छेद - १
## नाम र परिभाषा

१. नाम : यस नियमको नाम "वाल कोष संचालन सम्वन्धि कार्यविधि २०७९" रहनेछ ।

२. लागु हुने मिति : यो कार्यविधि ईन्द्रावती गाउँपालिकाको ईन्द्रावती राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

३. परिभाषा : विषय वा प्रसँगले अन्यथा अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि निम्न परिभाषाहरु कायम गरिएको छ ।

क) कार्यविधि : भन्नाले ईन्द्रावती गाउँपालिकाको वाल कोष संचालन सम्वन्धी कार्यविधि, २०७९ लाई सम्झनुपर्छ ।

ख) ऐन : भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ लाई सम्झनुपर्दछ ।

ग) संविधान : भन्नाले नेपालको संविधान, २०७२ र यसका व्यबस्थाहरु सम्झनु पर्दछ ।

घ) कोष भन्नाले : वाल अधिकार स्थापित गराउन तथा समस्या तथा दुखमा परेका वालवालिकाको हित प्रवद्धन गर्नको लागि गाउँपालिकाद्धारा स्थापित कोष सम्झनु पर्छ

ङ) प्रदेश कोष भन्नाले : प्रदेश स्तरमा वाल अधिकार स्थापित गराउन तथा विशेष संरक्षणको आवश्यकता रहेका वालवालिकाको हित प्रवद्धन गर्नको लागि गाउँपालिकाद्धारा स्थापित कोष सम्झनु पर्छ ।

च) नेपाल सरकार भन्नाले : नेपालको संघीय सरकार सम्झनुपर्दछ ।

छ) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका भन्नाले : बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्लेखित विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका सम्झनुपर्दछ ।

ज) समाजसेवी भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ मा भएको व्यवस्था १ वमोजिम ईन्द्रावतीगाउँपालिकामा सूचिकृत समाजसेवी तथा सामाजिक कार्यकर्ता सम्झनु पर्दछ । यस शब्दले यसरी सूचिकृत सघ संस्थालाई समेत जनाउनेछ ।

झ) यस कार्यविधिमा उल्लेख भएका अन्यको शब्दावली नेपाल सरकारको बालबालिका सम्वन्धी ऐन, २०७५ , वागमती प्रदेशको बालबालिका सम्वन्धी ऐन २०७६ र ईन्द्रावती गाउँपालिकाको वालवालिका सम्वन्धि ऐन २०७९ अनुसार परिभाषित भए वमोजिमको हुनेछ ।

## परिच्छेद २
## कोषको स्थापना

**२. कोष स्थापना**

३.१ गाउँपालिकामा वाल कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**३. कोषको कार्यालय**

३.१ कोषको सचिवालय गाउँ कार्यपालिको कार्यालयमा रहने छ ।

## परिच्छेद ३
## कोषको अवधारणा लक्ष्य उदेश्य र नीति

**४. कोषको अवधारणा**

४.१ ईन्द्रावती गाउँपालिका भित्र वसोवास गर्ने वालवालिकाकाहरुलाई वाल अधिकार स्थापित गर्ने र संरक्षण गर्नु पर्ने भनिएका वालवालिकाहरुको हक अधिकार सुनिश्चित गर्ने र संरक्षण गर्नु र वाल वचाउ, वाल संरक्षण, वाल अधिकार र वाल सहभागिता सुनिश्चित गर्नु नै कोषको अवधारणा हो ।

**५. लक्ष्य**

**५.१** वालवालिकाका क्षेत्रमा रहेका मुख्य समस्या र चुनौति पहिचान गर्दै वालवालिकाका क्षेत्रमा गर्नु पर्ने क्रियाकलापहरुलाई सरल रुपमा प्रवाह गरि अधिकाधिक रुपमा वालवालिकाहरु भविश्यमा शासन गर्न सक्षम गर्ने वालवालिकाको क्षेत्रमा लगानीका लागि सहयोग पु-याउने, वाल विकासका कृयाकलापको पहिचान तथा प्राथमिकिकरण गर्दै वालवालिकाहरुको क्षमतामा अभिवृद्धि गरी वाल अधिकार स्थापित गर्नु नै यस कोषको लक्ष्य रहेको छ ।

## ६. उदेश्य

६.१ कोषका उदेश्यहरु देहायबमोजिम हुनेछन्:

**६.२. कार्यविधिको उद्देश्यः**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा वालवालिका सम्वन्धी कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. वालवालिकाको तथ्यांक संकलन र विष्लेषण गर्ने ।

३. वालवालिकाको अधिकार संरक्षणका लागि अपनाउनु पर्ने उपायहरुको सुझाव संकलन गर्ने ।

४. बाल वाललिका विरुद्धमा हुने सवै प्रकारका भेदभावको अन्त्यको लागि कार्यक्रम तर्जूमा गर्ने ।

५. बाल अधिकारलाइ निरुत्साहनलाइ गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यता का विरुद्ध सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

६. अपांगता अनाथ द्धन्द्ध पिडित हिंसा पिडित भएका वालवालिकाहरु लक्षित सकारात्मक विभेदका रुपमा थप कार्यक्रम संचालन गर्ने ।

७. वाल अधिकारका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

८. वाल अधिकारमा आधारित सहभागितामुलक योजना तर्जुमा प्रक्रियालाइ व्यवस्थित सरल सहज व्यवस्थित रुपमा संचालन गर्ने ।

९. बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था सुनिश्चित गरी बालमैत्री कार्यक्रम संचालनको रणनीति, कार्यनीति, समन्वय, उपलव्धि र अन्तिम नतिजा प्राप्तिमा एकरुपता ल्याउन सहयोग पुऱ्याउनु यस कार्यविधीको उद्देश्य रहेको छ ।

## ७. वालवालिकाको कोषको स्थापना तथा संचालन :

७.१ कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्रका वालवालिकाको सवलीकरण, सशक्तिकरण , मुलप्रवाहीकरण र योजना प्रणालीमा प्रभावकारी सहभागिता, मानव अधिकारको संरक्षण, प्रवद्धन र परिचालनका लागि सरकारी तथा गैर सरकारी निकायले कार्यक्रम संचालन प्रवद्धन गर्न वा कोषको मुल धनमा योगदान गर्ने गरि रकम दाखिला गर्नको लागि एक कोषको स्थापना गर्नेछ ।

७.२ कोषमा रकम जम्मा हुने रकमहरु : उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको बार्षिक बजेटको रुपमा गाउँ सभावाट विनियोजित हुने रकम,

(ख) संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम, सहायता तथा जोड (समपुरक) कोष

(ग) नजी व्यवशाय तथा व्यक्तिहरुवाट प्राप्त हुने दान दातव्य तथा चन्दा सहायता स्थानीय न्यायिक समितिवाट वालवालिका विरुद्ध हिंसाका घटनामा गरिएको जरिवान रकम

(घ) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) प्रकाशन विक्रीबाट प्राप्त हुने रकम,

(छ) सेवा सञ्चालनबाट प्राप्त हुने रकम,

(ज) अक्षय कोषको रकमको व्याजवाट प्राप्त रकम

(ज) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(३) वालमैत्री स्थानीय शासन समितिको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको कर्मचारीको संयुक्त दस्तखत बाट गरिनेछ ।

(५) वालमैत्री स्थानीय शासन समितिको आर्थिक बर्ष गाउँपालिको आर्थिक बर्ष सरह हुनेछ

(६) गाउँपालिका क्षेत्रमा गठन भएका वाल क्लवको निर्णय वेगर कुनै रकम खर्च गरिने छैन उक्त रकम गाउँपालिका क्षेत्रमा रहेका वालवालिकाको अधिकार क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ ।

## (८) अक्षय कोष खडा गर्ने :

८.१ वालमैत्री स्थानीय शासन प्रणालीको सफल कार्यान्वयनको लागि र वालवालिकाको हित प्रवद्धनको लागि देहाय वमोजिमको एक अक्षय कोष खडा गरिनेछ

८.२ दफा (७.२) को उपदफा (२) वमोजिम कोषमा जम्मा भएको रकम मध्ये अक्षय कोषका लागि पच्चीस प्रतिशत रकम अक्षय कोषको रुपमा राख्नु पर्नेछ ।

८.३ अक्षय कोषको रकम नेपाल राष्ट वैकवाट तोकिएको वैकमा वेग्लै खाता खोली रकम जम्मा गरिनेछ ।

८.४ कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतवाट संचालन गरिनेछ ।

८.५ उपदफा (१) वमोजिमको रकमको व्याज वापत प्राप्त हुने रकम मध्ये वाहेक अक्षय कोषको रुपमा रहेको रकम कुनै पनि कार्यमा खर्च गर्न पाइने छैन ।

८.६ वाल संरक्षण कोषको रकम देहायका अवस्थामा स्थानीय बाल अधिकार समितिको निर्णयवाट खर्च गर्न सकिनेछ

क) हिंसापिडित बालबालिकालाई अधिकतम रु. १० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि,

ख) हिंसापिडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानुनी सहायतामा लाग्ने खर्च अधिकतम रु. २० हजार सम्म ।

ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ती, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षण बापत अधिकतम प्रति बालबालिका रु. ५ हजार सम्म ।

घ) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रमहरुमा खर्च गर्न पाइनेछैन ।

९) **कोषको रकम खर्च गर्न नपाइने :** ९.१ दफा ७. को उपदफा २ वमोजिम उपदफा ८ वमोजिमको कोषमा जम्मा भएको रकम वालअधिकारको क्षेत्रवाहेक तपशिलका कार्यमा खर्च गर्न पाइने छैन ।

क) तालिम गाष्ठि भ्रमण वा सो प्रकृतिको अन्य कार्य ।

ख) मसलन्द, छपाइ, पत्रपत्रीका, विज्ञापन वा सो प्रकृतिको अन्य कार्य

**१०) कोषमा रकम दाखिल गर्न सक्ने** :

१०.१ गाउँपालिकाले सवै वालवालिकाको संरक्षण सुरक्षा, सवलीकरण सशक्तिकरण मुलप्रवाहीकरण मा वार्षिक वजेट मार्फत तोकिएको रकम कोषमा दाखिल गरि कोष मार्फत खर्च गर्न सक्नेछ ।

१०.२ गाउँपालिका क्षेत्रमा कार्यक्रमको लागि खर्च हुने सवै प्रकारका रकम कोषमा दाखिला हुने व्यवस्था कार्यपालिकाले मिलाउनेछ ।

**११) खर्च व्यवस्थापन :** कोषको रकम देहाय वमोजिमको कार्यक्रमहरुमा खर्च गर्न सकिनेछ ।

११.१) लक्षित वालवालिकाहरुका क्लवलाइ कार्यक्रम संचालन गर्न दिइने नगद अनुदान

११.२) वालवालिकालाइ निश्चित अवधिको सहयोगार्थ दिइने आवधिक अनुदान,

११.३) वालवालिकालाइ आवश्यकता अनुसार विपद समेतमा सहयोग गर्न दिइने विशेष अनुदान,

११.४) कुनै दाताले कुनै वालवालिकाका लागि तोकेर दिएको शसर्त अनुदान,

**१२) खर्च र लेखापरीक्षणः**

१२.१ वालवालिकाको समग्र पक्षको विकासको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति गाउँकार्यपालिका पठाउनुपर्नेछ ।

**१३) प्रतिवेदन पेश गर्नुपर्ने :**

१३.१ वालवालिकाको क्षेत्रमा गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी गाउँपालिकाले तयार गरी गाउँकार्यपालिका र सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, अर्धवार्षिक र वार्षिक रुपमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

**१४) गुनासो दर्ता गर्न सक्ने :**

**१४.१** अनुदानको लागि छनौट भएका वालवालिकाले कार्यक्रम वजेट र योजना वितरण वा अन्य प्रकृया उपर चित्त नवुझेमा निर्णय भएको मितिले ३५ दिन भित्र कार्यपालिकाको सामाजिक सुरक्षा शाखामा गुनासो दर्ता गर्न सक्नेछ ।

१४.२उपदफा (१) वमोजिम कुनै गुनासो प्राप्त भएमा सामाजिक विकास शाखाले सो उपर आवश्यक जाँचवुझ गरि निर्णयको लागि समितिको वैठकमा पेश गर्नु पर्नेछ ।

**१५) कार्यविधिको संशोधन तथा थपघट गर्न सक्ने :** कार्यपालिकाले कार्यविधिमा संशोधन तथा हेरफेर गर्नु परे आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः २०७९।०९।०७

आज्ञाले,
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत